# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड :७ संख्या :४ २०८० पुस २७

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**छायाँनाथ रारा नगरपालिका टोल विकास समिति गठन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०**

## **टोल विकास समिति गठन सम्बन्धी कार्यविधि, २०७८**

प्रमाणिकरण तथा प्रकाशित मिति

२०७८/११/१७

**संशोधन**

१. टोल विकास समिति गठन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० २०८०/०९/२७

सम्वत् २०८० को कार्यविधि नं. २१

### **टोल विकास समिति गठन सम्बन्धी कानून संशोधन गर्न बनेको कार्यविधि**

**प्रस्तावनाः** सामुदायिक प्रयासमा टोलको समितिगत, सामाजिक तथा आर्थिक सुधार, स्थानीय स्तरमा सुशासन प्रर्वद्धन गर्न नगरपालिकाका बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय श्रोत, साधन र जनशक्तिको उपयोग गरी जीवनस्तर उकास्ने साथै आफ्नो टोलको समस्याको समाधान आफुबाटै समाधान गर्ने र आफुबाट समाधान गर्न नसकेमा सम्बन्धित निकाय सम्म आफ्ना समस्या पुर्याइ समाधान गर्नसक्ने सक्षम नागरिक बनाउने अभिप्रायले टोल विकास समिति गठन गर्न आवश्यक देखिएको हुँदा स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास समिति र सो समितिको कामलाई ब्यवस्थित गर्न वाञ्छनीय भएकोले,

छायाँनाथ रारा नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरिएको छ।

### **परिच्छेद-१**

### **प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिकाको "टोल विकास समिति गठन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर सभाबाट स्वीकृत भई छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) “टोल विकास समिति” भन्नाले कुनै निश्चित टोल समुदायको सबै घरधुरीहरुलाई समेटेर गठन गरिएको समितिलाई सम्झनु पर्छ।

(ख) “नगरपालिका” भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्छ।

(ग) “कार्यपालिका” भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) “कार्यालय” भन्नाले छायाँनाथ रारा नगरपालिका कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ङ) “वडा कार्यालय” भन्नाले नगरपालिकाको वडा कार्यालयलाई सम्झनु पर्छ।

(च) “कार्य समिति” भन्नाले टोल विकास समितिको कार्य समितिलाई सम्झनु पर्छ।

(छ) “अध्यक्ष” भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ज) “उपाध्यक्ष” भन्नाले समितिको उपाध्यक्षलाई सम्झनु पर्छ।

(झ) “सचिव” भन्नाले समितिको सचिवलाई सम्झनु पर्छ।

(ञ) “कोषाध्यक्ष” भन्नाले समितिको कोषाध्यक्षलाई सम्झनु पर्छ।

(ट) “सदस्य” भन्नाले टोल विकास समितिको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले टोल क्षेत्रभित्र बसोवास गर्ने घरमुली वा घरको प्रतिनिधित्व गरी टोल विकास समिति गठन समितिमा आवद्ध हुने सम्पूर्ण घरधुरीलाइ समेत सम्झनु पर्छ।

(ठ) “पदाधिकारी” भन्नाले समितिको कार्यसमितिका सबै सदस्यलाई सम्झनु पर्छ।

(ड) “सभा” भन्नाले टोल विकास समितिको साधारण र विशेष सभालाई सम्झनु पर्छ।

३. ✎**<u>टोल विकास समिति गठन गरिने स्थानः</u>** (१) नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामिप्यताको आधारमा टोल तथा बस्तीका बासिन्दाको आम भेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास समिति देहाय बमोजिम गठन गरिनेछ।

(क) नगरपालिका क्षेत्र भित्रको विभिन्न टोलहरुमा सबै घरपरिवार समेटिने गरी टोल विकास समिति गठन गरिनेछ।

(ख) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि वडाको कुनै पनि क्षेत्रमा टोल विकास समिति गठन गर्न सक्नेछ।

४. **<u>टोल विकास समितिको कार्यक्षेत्र र सिमानाः</u>** (१) टोल विकास समितिको कार्यक्षेत्र र सिमाना देहाय बमोजिम रहेको छ।

(क) कुनै पनि टोल विकास समितिको कार्य क्षेत्र र सिमाना नगरपालिकाले तोकेको सिमाना अनुसार हुनेछ।

(ख) टोल विकास समितिको क्षेत्रफल ठूलो वा धेरै घर संख्या भएमा भौगोलिक, धार्मिक, सांस्कृतिक आदिलाई आधार मानी एउटा वा एकभन्दा बढी टोल विकास समिति गठन गर्न सकिनेछ।

५. **<u>टोल विकास समिति गठन गर्नुका मुख्य उद्देश्यहरुः</u>** (१) टोल विकास समितिको उद्देश्य देहाय बमोजिम रहेको छ।

(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धी गर्ने,

(ख) टोलबासीहरुमा उद्यमशीलताको सुधार गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, सुधार र प्रवर्धन गर्ने,

(ग) टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

(घ) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

(ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

(च) बस्ती टोलस्तरमा सबै समितिहरुको प्रवेशद्धारको रुपमा टोल विकास समितिलाई सुधार गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने सुधार कार्यमा सहयोग गर्ने,

✎पहिलो संशोधनबाट परिमार्जित

(छ) टोल विकास समितिलाई वडाभन्दा तल्लो एकाइको रुपमा सुधार गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन मूल्याङ्कन प्रक्रियामा सहभागी गराई सुशासनमा अभिवृद्धि ल्याउने,

(ज) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,

(झ) स्वास्थ्य तथा वातावरणीय सरसफाई आदि सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि गर्ने,

(ञ) टोलको विपन्न तथा वञ्चितीमा परेका टोलवासीहरुको क्षमता अभिवृद्धि गर्ने,

(ट) टोलमा रहेका विकृती, विसंगतीहरुको पहिचान गर्ने र सोको उन्मुलनका कार्यक्रमहरु संचालन गर्ने,

(ठ) सडक तथा ढल प्रणालीलाई ब्यवस्थित र सुधारका कार्यहरु गर्ने,

(ड) चर्पी, फोहोरमैला ब्यवस्थापन प्रणाली सुधार कार्य गर्ने,

(ढ) टोलको भौतिक पूर्वाधारका सुधार निर्माण कार्यमा सकृयताका साथ एकजुट हुने,

(ण) वातावरणमैत्री तथा बालमैत्री, अपाङ्ग मैत्री नगर निर्माणमा आवश्यक सहयोग गर्ने,

(त) आफ्नो टोल वडालाई सबै किसिमबाट असल नमुना टोलको रुपमा निर्माण गर्न लागि पर्ने, सामूहिक भावनाको बिकास गर्ने, गराउने,

(थ) संघ, प्रदेश र स्थानीय सरकारको अभियानमा आवश्यक सहयोग गर्ने,

(द) अन्धविस्वास, कुरुति, कुसंस्कार, मध्यपान, धुम्रपान, जुवातास जस्ता सामाजिक विकृतिलाई हटाउन भूमिका निर्वाह गर्ने।

६. **गठन विधिः** (१) टोल विकास समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) नगरपालिका क्षेत्रका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास समितिको गठन गरिने छ।

(ख) पहिलो पटकका लागि टोल विकास समितिको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ।

तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ। टोल विकास कार्य समितिको अवधि दुई वर्षको हुनेछ। एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन। कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्छ।

(ग) टोल विकास समिति गठन गर्दा सके सम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ। सो सम्भव नभए कम्तीमा असी प्रतिशत घरधुरी सहभागी गराई टोल विकास समिति गठन गरिनेछ। टोल विकास समितिमा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा तेतिस प्रतिशत महिला आवद्ध गराउनु पर्छ।

(घ) टोल विकास समितिको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूचि-१ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास समितिको विधान तयार गर्नुपर्छ।

(ङ) समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने।

पहिलो संशोधनबाट परिमार्जित

(२) टोल विकास समितिमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछ।

(क) अध्यक्ष -एक जना

(ख) उपाध्यक्ष -एक जना

(ग) सचिव -एक जना

(घ) कोषाध्यक्ष -एक जना

(ङ) सदस्य आवश्यकता अनुसार सात देखि बढीमा एघार जनासम्म

७. **<u>दर्ताः</u>** (१) टोल विकास समितिको बैठकमा सर्वसम्मत निर्णय गराई छायाँनाथ रारा नगरपालिकामा दर्ताका लागी अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नु पर्छ। निवेदन साथ टोल विकास समितिमा आवद्ध सदस्यहरुको नामावली, समितिको दुई प्रति विधान, कार्य समितिका पदाधिकारीहरुको नामावली र नेपाली नागरिकताको प्रतिलिपी वा मतदाता परिचयपत्रको प्रतिलिपी सहित टोल विकास समितिबाट निर्णय गरी दर्ताका लागि नियमानुसार शुल्क तिरेको सक्कलै रसिद सहित निवेदन पेश गरेमा नगरपालिकाले अुनसूची-३ बमोजिमको टोल विकास समिति दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ।

(२) टोल विकास समितिले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा नगरपालिकाले टोल विकास समितिको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास समिति गठन हुनेछ ।

(३) टोल विकास समिति दर्ता गर्दा देहाय अनुसारको कागजपत्र आवश्यक पर्दछ।

(क) भेलाको निर्णय प्रतिलिपि थान-एक

(ख) कार्य समितिको बैठकको निर्णय प्रतिलिपि थान-एक

(ग) वडा कार्यालयको सिफारिस

(घ) अध्यक्ष, उपाध्यक्ष, सचिव र सह सचिवको नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान-एक

८. **<u>अवधी र नविकरणः</u>** (१) दफा ७ को उपदफा (१) बमोजिम प्रदान गरिएको प्रमाण-पत्र दफा ७ को उपदफा (२) बमोजिम खारेज भएको अवस्थामा बाहेक दुई आर्थिक वर्षसम्म मान्य हुनेछ । प्रमाण-पत्र जुनसुकै मितिमा प्रदान गरेको भएता पनि दोस्रो आर्थिक वर्षको अन्त्यमा त्यस्तो प्रमाण-पत्रको अवधि समाप्त हुनेछ। साथै टोल विकास समितिलाई दुई-दुई वर्षमा नविकरण गराउनु पर्छ।

(२) टोल विकास समितिले प्रमाण-पत्रको अवधि समाप्त भएको तिन महिना भित्र रजिष्टर्ड लेखापरिक्षकबाट गराईएको लेखा परिक्षण प्रतिवेदन, कार्यसमितिको निर्णय, नविकरण शुल्क तिरेको सक्कलै रसिद सहित निवेदन पेश गरेमा नविकरण गरिदिनु पर्छ। म्याद नाघी आएका टोल विकास समितिको नविकरण नियमानुसार विलम्ब शुल्क लिई गरिने छ।

९. **<u>टोल विकास समिति गठन समितिको कामः</u>** टोल विकास समितिले आफ्नो टोल क्षेत्रको समग्र सुधार र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछः

(क) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

(ख) विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुसँग समधुर सम्बन्ध स्थापित गरी टोलको सुधारको लागि सहजीकरण गर्ने,

(ग) टोलमा उद्यम सुधारसँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) टोलको सुधारका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

(ङ) टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास समिति गठन योजना तर्जुमा गर्ने,

(च) समाजमा रहेका विद्यमान परम्परागत सामाजिक कुसंस्कार, कुरीतिहरुको पहिचान गरी त्यस्ता असामाजिक क्रियाकलापको नियमन र नियन्त्रण गर्ने र त्यसका विरुद्ध जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने,

(छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,

(ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडा समितिलाई आवश्यक सहयोग गर्ने,

(झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ञ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी समिति मार्फत प्राप्त हुने कार्यक्रमहरु उपभोक्ताहरुको सहमतीमा टोल विकास समिति गठन समिति मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

(ट) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ठ) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदी सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ड) टोलमा रहेका सार्वजनिक, प्रर्ति, ऐलानी आदी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने,

(ढ) नगरपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने,

(ण) समितिमा प्राप्त रकमको समितिको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

(त) नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

१०. **टोल विकास समितिको कार्य समितिको बैठकः** (१) टोल विकास समितिको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः

(क) टोल विकास समितिका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल विकास समितिको कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटकमा नघट्ने गरी बस्नेछ।

(ख) समितिको बैठकमा वडा कार्यालयका प्रतिनिधी, नगरपालिकाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(ग) सचिवले समितिको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्छ।

११. **टोल विकास समितिका कार्यसमितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** टोल विकास समितिका कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) समितिको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने,

(२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने,

(३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,

(४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने,

(५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने,

(६) सुधारको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने,

(७) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने,

(८) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने,

(९) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको कार्य गर्ने,

(२) अध्यक्षले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने,

(३) अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही काम गर्ने

(४) अध्यक्षले पेश गरेको लिखित राजिनामा स्वीकृतिका लागि कार्य समिति समक्ष पेश गर्ने,

(५) अध्यक्षलाई सहयोग गर्ने।

**(ग) सचिवको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको आदेश अनुसार कार्य समिति लगायत अन्य बैठक बोलाउने,

(२) एकतिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने,

(३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने,

(४) बैठकको निर्णय लेखि अध्यक्ष र अन्य सदस्यबाट निर्णय प्रमाणित गराउने,

(५) समितिको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने,

(६) तोकिएका अन्य कार्य गर्ने।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) समितिको आम्दानी र खर्चको विवरण तयार गर्ने,

(२) समितिको आम्दानी र खर्चको लेखापरीक्षण गराउने,

(३) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने,

(४) समितिको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(१) नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने

(२) समितिको हिसाब-किताब जाँच गर्ने,

(३) समितिका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने,

(४) आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने,

(५) तोकिएका अन्य कार्यहरु गर्ने।

१२. **<u>आर्थिक व्यवस्थापनः</u>** समितिको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

**(क) टोल विकास समितिको आम्दानी**

(१) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक समिति तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान,

(२) टोल विकास समितिले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी,

(३) समितिको सुधार निर्माणका लागि टोल विकास समिति गठन कोषको रुपमा टोल विकास समितिको आम्दानीको निश्चित प्रतिशत समितिको निर्णयानुसार छुट्याउने रकम,

(४) टोल सदस्यहरुबाट प्राप्त हुने सदस्यता शुल्क,

(५) समितिले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

**(ख) खर्च**

(१) समितिको सुधार निर्माणका लागि टोल विकास समिति गठन कोषको रकम समितिको निर्णयानुसार खर्च हुनेछ,

(२) समिति संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास समितिको नीति बमोजिम खर्च हुनेछ।

**(ग) लेखाः** समितिको लेखा देहाय बमोजिम हुनेछः

(१) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण सुधार खर्चको विवरण, समितिको संचालन र व्यवस्थापनमा भएको प्रशासनीक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ,

(२) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास समितिको बैठकमा पेश गर्नुपर्दछ।

**(घ) लेखापरीक्षणः** समितिको लेखापरीक्षण देहाय बमोजिम हुनेछः

(१) समितिले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ,

(२) आवश्यकता अनुसार नगरपालिकाले पनि समितिको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ,

(३) समितिले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित वडा कार्यालय र नगरपालिकामा पेश गर्नुपर्नेछ।

**(ङ) खाता खोल्ने र सञ्चानः** समितिको खाता नगरपालिका तथा वडा कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकहरुमा खोल्नु पर्नेछ र सो खाताको संचालन समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

**(च) टोल विकास समितिको नाफाः** टोल विकास समितिले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम नाफा मानिने छ।

१३. **<u>टोल विकास समिति गठन समितिको अनुगमन तथा मूल्याङ्कनः</u>** टोल विकास समितिको अनुगमन तथा मूल्याङ्कन वडा समिति र नगरपालिकाले गर्नेछ।

१४. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ।

१५. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. **<u>बचाउः</u>** यस अघि प्रचलित कानून बमोजिम प्राप्त गरेका प्रमाण पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिने छ।

१७. **<u>खारेजी:</u>** यस कार्यविधिमा भएका कुनै प्रावधान नेपालको संविधान, केन्द्रिय र प्रादेशिक कानून संग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

## टोल विकास समितिको विधान

**प्रस्तावनाः** स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र सुधार गर्ने वातावरण सिर्जना गर्न यो ................................ टोल विकास समिति नामको संस्था स्थापनार्थ छायाँनाथ रारा नगरपालिका, टोल विकास समिति गठन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० को दफा ७ को अधिनमा रही दर्ता प्रयोजनका लागी यो विधान बनाइएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो विधान ........................................................ टोल विकास समितिको विधान हुनेछ।

(ख) समितिको नामः- श्री .................................................. टोल विकास समिति हुनेछ। अग्रेजीमा ............................................ Tol Sudhar Samiti छोटकरीमा (.......................) भनिनेछ।

(ग) समितिको कार्यालय रहने ठेगानाः यस समितिको कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको छायाँनाथ रारा नगरपालिका वडा नं. ............, ........................ स्थानमा रहने छ।

(घ) प्रारम्भः— यो विधान दर्ता भएको मिति देखि प्रारम्भ हुने छ ।

(ङ) यस समितिको सिमाना देहाय बमोजिम हुनेछः

पूर्व .......................................... पश्चिम ..............................................

उत्तर ....................................... दक्षिण ...............................................

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(क) "समिति" भन्नाले .................................................. टोल विकास समितिलाई सम्झनु पर्छ।

(ख) "विधान" भन्नाले टोल विकास समितिको विधानलाई सम्झनु पर्छ।

(ग) "साधारण सभा" भन्नाले समितिको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(घ) "कार्य समिति" भन्नाले यस विधान बमोजिम गठित टोल विकास समितिको कार्यसमिति सम्झनु पर्छ।

(ङ) "बैठक" भन्नाले समितिको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ।

(च) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई सम्झनु पर्छ।

(छ) "कोष" भन्नाले यस समितिको कोषलाई सम्झनु पर्छ।

३. **संगठित समिति हुनेः**

(क) समितिको आफ्नो छुट्टै छाप हुनेछ। छाप र चिन्ह अनुसूची-१ बमोजिमको ढाँचामा हुनेछ ।

तर समितिको नाम, छाप र चिन्ह पूर्वदर्ता भएको कुनै समितिसँग मेल खाएमा संशोधनको प्रकृयाद्धारा तुरुन्त संसोधन गरिनेछ। साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) समितिले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ। तर समितिले आफ्नो अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन। समिति विघटन भए सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ।

४. **<u>समितिका उद्देश्यहरुः</u>** (१) समितिको समितिगत, सामाजिक तथा आर्थिक सुधारका लागि देहाय बमोजिमको उद्देश्य हुनेछः

(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धी गर्ने।

(ख) टोलबासीहरुमा उद्यमशीलताको सुधार गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, सुधार र प्रवर्धन गर्ने।

(ग) टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने, आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने र टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने।

(घ) बस्ती टोलस्तरमा सबै संघ संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास समितिलाई सुधार गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने सुधार कार्यमा सहयोग गर्ने,

(ङ) टोल विकास समितिलाई वडाभन्दा तल्लो एकाइको रुपमा सुधार गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,

(च) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने र टोलको विपन्न तथा वञ्चितीमा परेका टोलवासीहरुको क्षमता अभिवृद्धि गर्ने,

(छ) स्वास्थ्य तथा वातावरणीय सरसफाई आदि सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि गर्ने र टोलको भौतिक पूर्वाधार सुधार तथा निर्माण कार्यमा सकृयताका साथ एकजुट हुने,

(ज) सडक, ढल निर्माण चर्पी, फोहोरमैला ब्यवस्थापन प्रणालीलाई ब्यवस्थित गर्न,

(झ) टोलमा रहेका विकृती, विसंगतीहरुको पहिचान गर्ने र सोको उन्मुलनका कार्यक्रमहरु संचालन गर्ने,

(ञ) वातावरणमैत्री तथा बालमैत्री नगर घोषणा गर्न आवश्यक सहयोग गर्ने,

(ट) आफ्नो टोल वडालाई सबै किसिमबाट असल नमुना टोलको रुपमा निर्माण गर्न लागि पर्ने,

(ठ) संघ, प्रदेश र स्थानीय सरकारको अभियानमा आवश्यक सहयोग गर्ने।

५. **<u>टोल विकास समिति गठन कार्य समितिको गठनः</u>** (१) टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाका नगर उन्मुख बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास समितिको गठन गरिनेछ।

(ख) पहिलो पटकका लागि टोल विकास समितिको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ। दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ। टोल विकास कार्य समितिको अवधि दुई वर्षको हुनेछ। एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा तेतिस प्रतिशत सदस्यहरु र अध्यक्ष, सविच वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुने गरि एघार जना देखी पन्ध्र जनासम्मको अनुसूची-२ मा पदाधिकारीको नाम उल्लेख हुने गरी देहाय बमोजिमको कार्य समिति गठन गरिने छ।

| | |
|---|---|
| १. अध्यक्ष | -एक |
| २. उपाध्यक्ष | -एक |
| ३. सचिव | -एक |
| ४. कोषाध्यक्ष | -एक |
| ५. सदस्य | आवश्यकता अनुसार सात देखि बढीमा एघार जना सम्म |

(ग) टोल विकास समिति गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नु पर्दछ। यदि सो सम्भव नभए कम्तीमा अस्सी प्रतिशत घरधुरी सहभागी गराई टोल विकास समिति गठन गरिनेछ। टोल विकास समितिमा सहभागी भएका सदस्यहरु समावेशी गरिनेछ।

६. <u>**समितिका कार्यहरुः**</u> टोल विकास समितिका कार्यहरु देहाय बमोजिम हुनेछन्ः

(क) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

(ख) विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुसँग समधुर सम्बन्ध स्थापित गरी टोलको सुधारको लागि सहजीकरण गर्ने,

(ग) टोलमा उद्यम सुधारसँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) टोलको सुधारका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

(ङ) टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास समिति गठन योजना तर्जुमा गर्ने,

(च) समाजमा रहेका विद्यमान परम्परागत सामाजिक कुसंस्कार, कुरीतिहरुको पहिचान गरी त्यस्ता असामाजिक क्रियाकलापको नियमन र नियन्त्रण गर्ने र त्यसका विरुद्ध जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने,

(छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,

(ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडा समितिलाई आवश्यक सहयोग गर्ने,

(झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ञ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी समिति मार्फत प्राप्त हुने कार्यक्रमहरु उपभोक्ताहरुको सहमतीमा टोल विकास समिति मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

(ट) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ठ) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदी सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ड) टोलमा रहेका सार्वजनिक, प्रर्ति, ऐलानी आदी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने,

(ढ) नगरपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने,

(ण) समितिमा प्राप्त रकमको समितिको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

(त) नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने,

७. **<u>सदस्यता प्राप्तीको लागी आवश्यक योग्यताः</u>** समितिमा सदस्यता देहाय बमोजिम हुनेछः

(क) यस विधानको उद्देश्य बमोजिम समिति प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस समितिको सदस्य हुनेछ,

(ख) नेपाली नागरिक भएको हुनु पर्ने,

(ग) मानसिक सन्तुलन नगुमाएको हुनु पर्ने,

(घ) सार्वजनिक सम्पतीको हिनामिना गरेको नठहरेको हुनु पर्ने,

(ङ) नैतिकपतन तथा फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको हुनु पर्ने,

(च) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई समितिले तोकेबमोजिम समितिमा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ।

८. **<u>सदस्यता नरहनेः</u>** समितिमा देहायको अवस्थामा सदस्य रहने छैनः

(क) सदस्यको मृत्यु भएमा,

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन समितिले स्वीकृत गरेमा,

(ग) सदस्यता शुल्क नतिरेको वा समितिको निर्णय पालन नगरेमा समितिले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा,

(घ) समितिलाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समितिले सदस्यताबाट हटाउने निर्णय गरेमा,

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा।

९. **<u>समिति गठन एवं कार्य संचालन विधिः</u>** समितिको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछः

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निऋयौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांस घरधुरीहरुको उपस्थितिमा समिति गठन गरिनेछ।

(ख) टोल विकास समिति गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन्।

(ग) समितिमा कम्तिमा तेतीस प्रतिशत महिला सदस्य रहनेछन्। अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा एक जना महिला हुनेछ।

१०. **समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) समितिको नियमित बैठक बोलाउने,
(२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने,
(३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,
(४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने,
(५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने,
(६) सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने,
(७) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने,
(८) आवश्यक कार्यमा समितिको प्रतिनिधित्व गर्ने वा गराउने,
(९) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको कार्य गर्ने,
(२) अध्यक्षले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने,
(३) अध्यक्षलाई सहयोग गर्ने।

**(ग) समितिको सचिवको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको आदेशानुसार बैठक बोलाउने,
(२) एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने,
(३) बैठक पुस्तिकामा उपस्थित गराउने,
(४) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने,
(५) समितिका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने,
(६) तोकिएका अन्य कार्यहरु गर्ने।

**(घ) समितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) समितिले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने,
(२) बैंकमा संयुक्त रुपमा खाता संचालन गर्ने,
(३) अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने,
(४) समितिको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने,
(५) समितिको आम्दानी र खर्चको विवरण तयार गर्ने।

**(ङ) समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(१) नगरपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने,
(२) समितिको हिसाब किताब चेक गर्ने,

(३) समितिका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने,

(४) समिति संचालनका लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने,

(५) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने।

११. **<u>साधारण सभाको गठन र कार्य प्रणाली:</u>** (१) साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछः

(क) समितिको सम्पूर्ण सदस्यहरु रहेको एक साधारणसभा हुनेछ,

(ख) साधारण-सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा समितिको उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले गर्नेछ,

(ग) साधारण-सभा समितिको सर्वोच्च निकाय हुनेछ।

१२. **<u>साधारण सभाको काम, कर्तव्य र अधिकार:</u>** (१) साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने,

(ख) आगामी वर्षका लागी लेखापरीक्षक नियुक्ति गर्ने,

(ग) समितिको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने,

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने,

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने,

(च) समितिको विधान संशोधन गर्ने,

(छ) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने,

(ज) समितिको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

१३. **<u>आर्थिक व्यवस्थाः</u>**

(क) समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछः

(१) सदस्यताबाट प्राप्त शुल्क,

(२) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने आर्थिक सहयोग,

(३) विदेशी समिति, ब्यक्ति वा अन्तराष्ट्रिय समितिबाट प्राप्त सहयोग रकम,

(३) समितिको चल अचल सम्पत्तीबाट प्राप्त रकम,

(४) समितिको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार,

(५) अन्य आम्दानी।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समितिको हुनेछ।

(ग) समितिको नाममा प्राप्त वा खरीद चलअचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ।

१४. **<u>समितिको लेखा र लेखा परिक्षणः</u>**

(क) समितिको आय ब्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ,

(ख) समितिको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ,

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारी खटाई समितिको हिसाब किताब जाँच गर्न सक्नेछ,

(घ) लेखा परिक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ तर प्रथम वर्ष साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ,

(ङ) समितिले लेखा परिक्षक प्रतिवेदन र वार्षिक कार्य प्रगती प्रतिवेदन एक एक प्रति छायाँनाथ रारा नगरपालिकामा पेश गरिनेछ।

**१५. <u>कार्य समिति तथा पदाधिकारीको राजीनामाः</u>**

(क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन्।

(ख) अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ।

**१६. <u>कार्य समितिलाई अविश्वासको प्रस्तावः</u>** (१) कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई समितिका साठी प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ। अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ।

**१७. <u>विविधः</u>**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ। साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ।

(ख) प्रचलित ऐन, नियमहरु सँग बाझिएका बुँदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

## अनुसूची-१

समितिको चिन्ह तथा छाप

समितिको छाप तथा चिन्ह देहाय बमोजिम हुनेछ ।

## अनुसूची-२

**(दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)**

समितिका पदाधिकारीहरुको नामावली

| क्र.सं. | नाम थर | पद | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>टोल विकास समिति गठन  समितिलाई नगरपालिकामा दर्ता गर्ने निवेदनको नमुना</u>**

मितिः .....................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
छायाँनाथ रारा, नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
गमगढी, मुगु।

विषयः **<u>टोल विकास समिति गठन  समिति दर्ता गर्ने सम्बन्धमा।</u>**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा संचालित वडा नं. ....... को .............................. टोलमा गठन गरिएको ....................................................................... टोल विकास समिति गठन  समितिलाई छायाँनाथ रारा  नगरपालिकामा दर्ता गरिदिनुहुन अनुरोध गर्दछु। यस .................................... टोल विकास समिति गठन  समितिको क्षेत्र निम्न उल्लेखित चार किस्ताभित्र सीमित रहनेछ।

पूर्व सिमानाः .............................
पश्चिम सिमानाः ..........................
उत्तर सिमानाः .........................
दक्षिण सिमानाः ........................

निवेदक
...........................
अध्यक्षको नामः
टोल विकास समिति गठन समितिको नामः
ठेगानाः

अनुसूची-३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>टोल विकास समिति गठन  समितिको प्रमाणपत्रको ढाचाँ</u>**

**टोल विकास समिति गठन  समिति सूचीकृत प्रमाण-पत्र**

................................... मा गठन भएको ...................................................... टोल विकास समिति गठन  समितिलाई यस वडा कार्यालयमा मिति ..................... मा सूचिकृत गरी सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, सास्कृतिक तथा भौतीक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास समिति गठन  समितिको सक्रिय सहभागिताको अपेक्षा गर्दछु।

...................

वडा सचिव

<u>आज्ञाले,</u>

पशुपती शाही

नि.प्रमुख प्रशासकीय अधिकृत